*"शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधार*
*ठूलीभेरी समृद्धिको मूल आधार"*

# आर्थिक बर्ष २०८०।८१ को
# नीति तथा कार्यक्रम

प्रस्तुति :

## श्री श्रवर्ण कुमार बुढा
## नगर प्रमुख

मिति २०८० असार ७ गते

ठूलीभेरी नगरपालिका
जुफाल, डोल्पा
कर्णाली प्रदेश, नेपाल

# यस सम्मानित नगरसभाका सदस्यज्यूहरु

ठूलीभेरी नगरपालिकाको सम्मानित एघारौ नगरभा समक्ष आगामी आर्थिक बर्ष २०८०।८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई अन्यन्त्य खुशी लागेको छ । यस अवसरमा राजनीतिक परिवर्तनका विभिन्न आन्दोलनहरुमा अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धान्जली ब्यक्त गर्दछु । संघीय लोकत्रान्त्रिक गणतन्त्र प्राप्तिपछि भएको स्थानीय तहको दोस्रो आवधिक निर्वाचन २०७९ सम्पन्न भइ हामी आएको पनि एक बर्षको अवधि पूरा भएको अवस्था छ । नगरबासीका असंख्य र असिमित चाहानालाई छोटो अवधिमा पुरा गर्ने संभावना त रहदैन नै तर पनि एक बर्षको यो अवधिलाई नागरिकहरुले विगतभन्दा राम्रो रुपमा मूल्यांकन गरेको हुनुपर्छ भन्ने हामीलाई लागेको छ ।

आन्तरिक सुशासन र सवल प्रशासनको विकासबाट हामीले अबलम्बन गरेको नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन हुने भएकाले यो नीति तथा कार्यक्रम त्यसतर्फ नै निर्देशित रहेको छ | जनतासँग प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने वडा कार्यालयहरुको क्षमता विकास, श्रोत साधनमा वृद्धि र प्रणालीको विकास गर्ने नीति अवलम्बन गर्न प्रस्ताव गरिएको छ | शिक्षा, स्वास्थ्य, कृषि, भौतिक पूर्बाधार विकास, खानेपानी तथा सरसफाई, विपद ब्यवस्थापन, न्याय निरुपण, जस्ता बिषयगत क्षेत्रहरुका लागि बिशेष नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु |

## १ विद्यमान अवस्थाको समीक्षा

- ठूलीभेरी नगरपालिकाको दुनै बजार क्षेत्र वरपर र नदी किनारमा फोहरको थुप्रो लागि दुर्गन्धित अवस्थामा रहेकोमा त्यसलाई न्युनिकरण गरी फोहरमैला व्यवस्थापनको कार्य आरम्भ गरिएको छ
- प्रशासकीय भवन निर्माणको आरम्भ गरिएको छ ।

- गत असोजमा आएको बर्षाले नगरभरीका सडक तथा खेतीबालीमा ठूलो क्षति पुर्याएकोमा सडकहरुको सरसफाइ गरी यातायात सुचारु गरिएको छ ।बालीनाली र घर भत्केकाहरुलाई न्यूनतम राहतको व्यवस्था गरिएको छ ।
- नगरको पहलमा मोतिपुर लाग्ना सडक स्तरउन्नतिका लागि योजना सञ्चालन गरिएको छ ।
- सुस्वा परियोजना मार्फत नगरका खानेपानी सरसफाइ तथा स्वच्छतामा राम्रो लगानी भित्र्याइएको छ
- नगरको सक्रियतामा सडकहरुमा सूचना पाटीको व्यवस्था गरी यातायातको भाडादर घटाइएको छ
- ससर्त कार्यक्रम मार्फत एक घर एक धाराको नीतिलाई अगाडि बढाइएको छ ।
- नगरलाई पूर्ण खोप युक्त नगरको रुपमा स्थापित गरी घोषणा गरिएको छ ।
- नगरको आफ्नै एक्साभेटर टयाक्टर र वडाहरु तथा प्राविधिकहरुलाई मोटरसाइकलको व्यवस्था गरिएको छ ।
- विगतमा एकै स्थानमा बसेर सेवा प्रवाह गरेका वडाहरुलाई आ आफ्नो वडामा पठाइ वडाबाटै सेवा प्रवाह गरिएको छ ।
- करदाताहरुलाई व्यवसाय कर बुझाउन सहजीकरण गर्न व्यवसाय कर अभियान सञ्चालन गरिएको छ ।
- गाउँ गाउँमा विभिन्न खानेपानी योजना मन्दिर सडक विधालय निर्माणका योजनाहरु सञ्चालन भएका छन

अब म ठूलीभेरी नगरपालिकाको आर्थिक बर्ष २०८०/८१ को नीति र कार्यक्रम यस नगर सभाको बैठकमा प्रस्तुत गर्ने अनुमति चाहन्छु |

नगरपालिकाको दीर्घकालिन सोच "**समृद्ध नगर, सुखी नगरबासी**' रहेको छ | यस सोचलाई कार्यान्वयन गर्न देहायका रणनीतिहरु अबलम्बन गरिनेछन् |

१. शिक्षा,स्वास्थ्य, र कृषि क्षेत्रको सम्बर्धन र प्रबर्दन गर्ने |
२. आधुनिक सूचना तथा संचार प्रविधिको उच्चतम प्रयोग गरी नगरलाई जीवन्त बनाउने |
३. भौगोलिक पर्यटन, नव प्रबर्तनमा आधारित उद्यम र संस्थागत सुशासनलाई प्राथमिकतामा राखी योजना तथा कार्यक्रम संचालन गर्ने |

४. स्थानीय शासनमा जनसहभागिता अभिवृद्धि गर्दै उत्तरदायी र पारदर्शी स्थानीय सरकारको भूमिका निर्वाह गर्ने |

५. ठूलीभेरीलाई स्वच्छ, सफा, हरियाली तथा घुम्नलायक पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने |

# • आर्थिक विकासः

## कृषि तथा पशु विकासः

- एक गाउँ एक उत्पादन कार्यक्रम र एक घर एक बगैचा अबधारणालाई जोड दिनुका साथै पशुपालन तथा कृषि व्यवसायलाई पनि जोड दिईने छ |
- कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बृद्धि गरी क्रमशः आत्मनिर्भरता हासिल गर्ने नीति लिइएको छ।
- नगरपालिकालाई फलफुल तथा तरकारी उत्पादनमा आत्मनिर्भर वनाउन तरकारी बिउ फलफुल विरुवा तथा औजार उपकरण बितरण गरिने छ।
- विषादिको प्रयोगलाई निरुत्साहित गर्दै अर्गानिक उत्पादनलाई विषेश प्राथमिकता दिईने छ
- स्थानीय तरकारीको उत्पादनलाई बढावा दिइ बाहिरबाट आउने बिषादीयुक्त तरकारीलाई निषेध गर्ने कार्यलाई अघि वढाइनेछ ।
- नगरपालिकालाई खाद्यान्न दुध मासु अण्डा प्राप्तीको मुख्य केन्द्रको रुपमा विकास गरिने छ।
- एक गाँउ एक कृषि प्राविधिक कार्यक्रमलाई निरन्तरता दिइने छ।
- कृषि तथा पशुपालन व्यवसायलाई आधुनिकिकरण एवं व्यवसायीकरण गर्न संघ तथा प्रदेश सरकारसँग लागत साझेदारिका कार्यक्रम सञ्चालन गरिने छ।
- कृषि पेशालाई मर्यादित व्यवसायी र आधुनिक बनाउन कृषि यान्त्रीकरण लाई प्रवर्द्धन गरिने छ।
- सतह तथा भुमिगत सिंचाई र बर्षाको पानी संकलन तथा सिंचाईका उपयुक्त प्रविधिहरुको प्रयोग गरि बर्ष भरि सिंचाइ सुबिधा उपलब्ध गराउन आवस्यक पहल गरिने छ।
- युवा स्वरोजगार कार्यक्रम अन्तर्गत मागमा आधारित पशु विकास कार्यक्रम सन्चालन गरिने छ।
- नगरपालिका लाई दुध तथा मासुमा आत्मनिर्भर बनाउन जोड दिइने छ।
- पशु उपचार तथा खोप कार्यक्रम लाई निरन्तरता दिइने छ।

- जिल्ला सदमुकाम रहेको दुनै बजारमा तरकारी संकलन केन्द्र वा हाटबजार स्थापनाका लागि सम्वन्धित निकायमा पहल गरिने छ।

## उद्योग तथा बाणिज्यः

- ❖ स्थानीय उद्योगधन्दा, कलकारखाना,उत्पादित वस्तुहरुको बजारीकरणको प्रवन्ध गरी स्थानीय रोजगारी तथा आय आर्जनमा वृद्धि गरिनेछ।
- ❖ औद्योगिक क्षेत्रमा लगानी बढाउन तथा स्थानीय उद्योग धन्दालाई प्रोत्साहन गर्न आवश्यक नीतिगत, कानुनी, प्रशासनिक तथा आर्थिक सुधारका प्रयासहरु अवलम्बन गरिनुका साथै लगानीमैत्री वातावरण सिर्जना गरिनेछ ।

## पर्यटनः

पर्यटन प्रवर्द्धन र पर्यटन व्यवसाय मार्फत नगरको आम्दानी वृद्धि गर्न पर्यटकिय पूर्वाधार विकासका साथै पर्यटन व्यवसाय लाई विभिन्न प्रोत्साहन कार्यक्रम सन्चालन गर्न विषेश ध्यान दिइने छ।

पर्यटकिय सम्पदाहरुको संरक्षण, संर्बधन र पर्यटन विकास गर्न पर्यटकिय स्थलहरुको खोजी गरि प्रचारप्रसार गरिने छ।

- ❖ पर्यटन पर्वद्धनका लागि यस नगरपालिकामा आगुन्तुक सुचना केन्द्रको स्थापना गरिने छ।
- ❖ नगरपालिका र जिल्ला कै वारेमा सुचना दिने खालका होर्डिङवोर्ड सुचना पार्टि वनाई नगरपालिकाका मुख्य मुख्य स्थानहरुमा राखिने छ।
- ❖ र्‍याफ्टिङ व्यवसाय,होटल व्यवसाय,टुरिस्ट गाइड व्यवसाय र ट्रेकिङ व्यवसायहरुमा लगानी कर्तालाई सहयोग तथा प्रोत्साहन प्रदान गरिनेछ।
- ❖ पर्यटन पर्वद्धनका लागि डोल्पा जिल्लाको मेरुदण्डको रुपमा रहेको जुफाल विमानस्थललाई थप प्रभावकारी वनाउन सम्वन्धित निकायमा पहल गरिने छ।

## सहकारी सम्वन्धी नीतिः

- ❖ साविकमा सहकारी डिभिजनबाट हस्तान्तरण भइ आएका सबै सहकारीहरुलाई अद्यावधिक गरिनेछ ।
- ❖ सहकारीकर्मीहरुको क्षमता विकासको लागि लेखा तालीम र अन्य माग बमोजिमका तालीमको व्यवस्था गरिनेछ ।
- ❖ सहकारीहरुको सुक्ष्म अनुगमन गरी सहकारीको काम कार्यवाही नागरिकको बचतको सुरक्षा सहकारीको उद्धेश्य बमोजिमको काम भए नभएको सम्वन्धमा यकीन गरिनेछ ।
- ❖ पोषण कार्यक्रम मार्फत १००० दिनका शिशु भएका आमाहरुलाई सहकारीमा आवद्ध गराइ प्रवर्द्धनका लागि आवश्यक पहल गरिनेछ ।

## • सामाजिक बिकासः

### शिक्षा

- ❖ पञ्चवर्षिय शैक्षिक गुरुयोजना तयार गरि शैक्षिक गुणस्तर,पहुँच तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिने छ।
  - दरवन्दी मिलान कार्ययोजना तयार गरी शिक्षक तथा विद्यालय कर्मचारीहरुको दरवन्दी मिलान तथा व्यवस्थापन गरिने छ साथै यस ठुली भेरी नगरपालिकाको वडा नं ६ स्थित श्री लक्ष्मी मा.बि मा १ वटा पनि मावि दरवन्दी नहरेकोले २ वटा मावि स्तरका शिक्षकका लागि नगरका तर्फबाट स्थायी अनुदान कोटाको व्यवस्था गरिने छ।
- ❖ नगरपालिकाको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि सरकारी तथा गैरसरकारी संघ संस्था तथा निकायसँग समन्वय एवं सहकार्य गरिने छ।
- ❖ साक्षर नगरपालिका घोषणा भैसकेको सन्दर्भमा साक्षरोत्तर तथा निरन्तर शिक्षा कार्यक्रम सञ्चालन गरी आयआर्जन तथा स्वरोजगारिका अवसर सिर्जना गरिनेछ।
- ❖ ससर्त कार्यक्रम मार्फत जिर्ण अवस्थामा रहेका विद्यालयहरुको भौतिक पूर्वाधारको मर्मत सम्भार गरिनेछ ।

- गत बर्षको SEE परीक्षामा सबैभन्दा राम्रो नतिजा ल्याउने विध्यालयलाई सम्मान गरिनेछ । आफ्नो बिषयमा राम्रो रिजल्ट ल्याउने   १ जना   विषयगत शिक्षकहरुलाई पुरस्कारको व्यवस्था गरिनेछ ।
- यस नगरपालिकामा एक आवाशीय प्राविधिक शिक्षालय स्थापनाको लागि आवश्यक तयारी अघि बढाइनेछ।
- विधालय विधुतिकरण कार्यक्रम सञ्चालन गर्न प्रदेश संघ सरकार सँग आवश्य बजेट माग गरिनेछ।
- स्थानीय पाठ्यक्रम निर्माण गरी आगामी आर्थिक बर्ष देखी कार्यान्वयनमा ल्याइनेछ ।
- विधालयलाइ लेखा, EMIS, ICT आदि तालिमको व्यवस्था गरि विधालयको संस्थागत क्षमता विकास गरिने छ।
- प्रधानाध्यापकसँग कार्यसम्पादन सम्झौता गरिने छ र उत्कृष्ट कार्यसम्पादन गर्ने विधालयका प्रधानाध्यापकलाई पुरस्कृत गरिनेछ।
- माध्यामिक तथा आधारभुत विधालय बीच विभिन्न कृयाकलापमा प्रतिस्पर्धा गराइ विधार्थीको सृजनात्मक क्षमता विकासमा ध्यान दिइने छ।
- प्रधानअध्यापकहरु र नगरपालिकाको बीचमा मासिक बैठक गरी विधालय शिक्षालाइ प्रभावकारी बनाउने प्रयास गरिनेछ ।
- विधालयमा इसिडि शिक्षकलाई स्थानिय शैक्षिक सामाग्री निर्माण तालिम संचालन गरी शिक्षकको शिक्षण क्षमता विकास गरिने छ। विधालयका कर्मचारी तथा इसिडि शिक्षकको तलब नगरबाट थप गरिनेछ।
- सबै विधालयहरुमा बालक्लव गठन गरिने छ।
- नगर शिक्षा नीति २०८०,बाल संरक्षण नीति २०८० र आकस्मिक शिक्षा योजना २०८० आगामी आर्थिक बर्ष २०८०।८१ देखी लागु गरिनेछ।

## स्वास्थ्यः

- ११ वटै वडाहरुमा स्वास्थ्य संस्था सञ्चालन गरी प्रत्येक स्वास्थ्य चौकीमा आवश्यक जन शक्ति र औषधिको व्यवस्था गरिनेछ ।स्वास्थ्य चौकीहरुको व्यवस्थापन नियमावली अनुसार अनुगमन सुपरीवेक्षण गरी प्रभावकारी व्यवस्थापन गर्ने नीति लिइनेछ ।
- कार्यविधिमा व्यवस्था भए बमोजिमका ८ प्रकारका गम्भिर प्रकृतिको रोग लागेका विरामीहरुका लागि जम्मा खर्च भएको रकमको २५ प्रतिशत नगरपालिकाले व्यहोर्ने नीति लिइनेछ
- स्वास्थ्य चौकीहरुको भौतिक पूर्वाधारमा स्तरोन्नती गरिनेछ ।
- सुनौला हजार दिनका महिलाहरुलाई हेरचाह र स्वास्थ्य आहार सम्बन्धि तालिम दिइनेछ ।
- गाउँमै बसोबास गर्ने वासिन्दाहरुको लागि स्वास्थ्य विमा कार्यक्रम प्रभावकारी ढंगले कार्यान्वयन गरिनेछ ।
- वर्षमा १ पटक नगरपालिकामा विशेषज्ञ डाक्टरहरुको उपस्थितिमा स्वास्थ्य शिविर सञ्चालन गरिने छ ।
- विपन्न जेष्ठ नागरिकलाई औषधि उपचार निशुल्क सिफारिस दिने व्यवस्था गरिने छ।

## खानेपानी तथा सरसफाईः

- स्वच्छ खानेपानिमा यस नगरपालिकाभित्र सबै नागरिकलाई पहुँच अभिवृद्धि गरिनेछ ।
- नगरपालिका क्षेत्रको फोहोरमैला व्यवस्थापन गरी नगरपालिकालाई स्वच्छ, हराभरा, सुन्दर राख्न फोहोरमैला व्यवस्थापन गरिनेछ तथा सार्वजनिक शौचालय निर्माणको लागि पहल गरिनेछ ।
- आगामी आर्थिक बर्षबाट सबैका लागि दिगो खानेपानी तथा स्वच्छता आयोजना (सुस्वा) परियोजना मार्फत खानेपानी आयोजनाहरुको मर्मत सम्भार गरिने छ।

## संस्कृति प्रवर्द्धनः

- ठुलीभेरी नगरपालिकाभित्र कला, सँस्कृति, भाषा, धर्म र सम्पदाको संरक्षण एवं विकासलाई जोड दिइनेछ ।नगरपालिकामा रहेका पुरातात्विक महत्वका बस्ती, संरचना, मठ मन्दिर, गुम्बा, स्तम्भ, ताम्रपत्र, शिलालेख जस्ता ऐतिहासिक धरोहरको पहिचान गरी संरक्षण गरिनेछ ।

### खेलकुद तथा मनोरञ्जन

- राष्ट्रपति रनिङ्ग शिल्ड खेलकुद प्रतियोगिता सञ्चालन गरी विधालय तहमा अध्ययन गर्ने वालवालिकाको खेल प्रतिभालाई संरक्षण, प्रवर्द्धन, विकास गरिनेछ ।
- प्रत्येक २।२ बर्षमा मेयर कप खेलकुद कार्यक्रम सञ्चालन गरी भलिबल र फुटबल विधामा युवाहरुको क्षमतालाई प्रवर्द्धन विकास र संरक्षण गर्दै लाने नीति लिइएको छ ।

### लैंगिक समानता तथा सामाजिक समावेशीकरणः

- लैंगिकताको आधारमा कसैलाई भेदभाव गरिने छैन साथै यस नगरपालिकाले लिने हरेक नीतिहरुमा लैंगिक समानतालाई प्रवर्द्धन गरिनेछ ।
- यस नगरपालिकावाट प्रवाह हुने हरेक सेवा सुविधामा महिलालाई विशेष प्राथमिकता दिइनेछ
- महिला, दलित, अल्पसंख्यकहरुको क्षमता विकास, सशक्तिकरणको लागि पहल गरिनेछ|
- आगामी आर्थिक बर्षबाट महिलासँग उपमेयर कार्यक्रम सञ्चालन गरी न्यायिक समितिको व्यवस्थापन सञ्चालन तथा महिला लक्षित कार्यक्रम , नारी दिवस , तीज, सीपमूलक कार्यक्रमहरु तालिम आदि कार्यक्रम गरी महिलाका आवश्यकता केही मात्रामा पुरा गर्ने प्रयास गरिनेछ ।

## • पूर्वाधार विकासः

### स्थानीय सडक, पुल तथा झोलुङ्गेपुलः

- यस नगरपालिका भित्रका सडकहरुको IEE,EIA र DPR का लागि आवश्यक बजेट छुट्याइनेछ।
- सुँपानी-मोतिपुर-दुनै सडक ग्राभेल र कालोपत्रे गर्न संघ र प्रदेश सरकारसँग समन्वय गरिनेछ।

❖ ठुलीभेरी नगरपालिका भित्र रहेका वडा नं १० र ११ वडाहरु शे.फोक्सुण्डो राष्ट्रिय निकुन्ज कार्यालय अर्न्तगत मध्यवर्ती क्षेत्र भित्र परेकोले संघ सरकार र शे.फो.रा.नि.संग समन्वय तथा सहकार्य गरी उक्त वडाहरुका लागि दुनै- पातिहाल्ना हुदै रह -छेप्का सडक निर्माण गरी यातायात सहजीकरण गर्न गराउन सम्वन्धित निकायमा पहल गरीने छ।

## सिंचाईः

गत विगतमा सञ्चालनमा रही हाल विभिन्न कारणले अवरुद्ध रहेका सिंचाह कूलोहरुलाई मर्मत सम्भार गरी पुन सञ्चालन ल्याइनेछ ।

खेतियोग्य जमीनमा सिंचाई सुविधा पुर्याउन मुख्य सिचाई कुलोहरु संचालनमा ल्याइनेछ ।

## भवन तथा शहरी विकासः

- स्थानीय भू-उपयोग नीति अबलम्वन गरिनेछ ।
- भवन निर्माण मापदण्ड बनाइ नगरभित्र बन्ने सबै खाले भवनहरुको नक्सापास गर्ने नीति लिइनेछ।

• भेरी करिडोर सडकको भेत्ती देखी दुनै सम्मको मापदण्ड र सेड व्याक सडक ऐन २०३१ बमोजिम हुनेछ । मोतिपुर जुफाल सडक, मोतिपुर माझफाल सडक, दुनै लोचा सडक, दुनै तिप्ला सडक, दुनै खाल्दारा थाला ठागे ढोरपाटन हुदै पूर्वी रुकुम सडक, दुनै रह सडक जस्ता वडाको मुख्य सडकको मापदण्ड केन्द्रभागबाट दायाँ बायाँ ४।४ मिटर गरी ८ मिटर र सेड व्याक २।२ मिटर कायम गरिनेछ । नगरभित्रका अन्य सबै नगरस्तरीय सडकको मापदण्ड केन्द्रभागबाट दायाँ बायाँ ३।३ मिटर गरी ६ मिटर र सेड व्याक १.५/१.५ मिटर कायम गरिनेछ ।

• जूफाल विमानस्थलको यथाशिघ्र स्तरउन्नत्ति र हवाइ उडान थप गर्न संघीय सरकार नागरिक उड्डयन प्राविधिकरणसँग पहल गरिनेछ । सडकबाट विमानस्थलसम्म पुग्न् बाटो अपाङ्गमैत्री बनाउन संघीय सरकार, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र प्रदेश सरकारसँग पहल गरिनेछ ।

- आगामी आर्थिक बर्ष २०८०।८१ देखी नगरभित्र निर्माण हुने सबै प्रकृतिका घरहरु नक्सापास गर्नुपर्ने नीति लिइनेछ ।
- निर्माण भइसकेका घरहरुले पनि १ बर्षभित्र अभिलेखीकरण गर्नुपर्ने नीति लिइनेछ ।
- अब देखी ३ आना भन्दा कम क्षेत्रफल र ६ मिटर भन्दा कम मोहोडा हुने गरी जग्गाको कित्ताकाँट नगर्ने नीति लिइनेछ ।
- सरकारी रकमबाट निर्माण हुने सबै भवनहरु बाल मैत्री र अपाङ्ग मैत्री बनाउनुपर्ने नीति लिइनेछ ।

- सघन शहरी विकास कार्यक्रमको अवधारणा पत्र बमोजिम नगरपालिकामा सडक नाला, बस पार्क, तरकारी संकलन केन्द्र, सार्बजनिक सौचालय, फोहोर व्यवस्थापनका लागि डम्पीङ साइड निर्माण, पार्क आदी संरचनाहरुको निर्माण गरी नगरपालिका लाई सुन्दर हिमाली शहरको रुपमा विकास गरिनेछ ।
- राष्ट्रिय भूमी आयोगमार्फत भूमीहिन दलित भूमिहिन सुकम्बासी तथा अव्यवस्थित बसोबासीलाई आवश्यक व्यवस्थापन गरिनेछ ।

## उर्जा, लघु तथा साना जलविद्युत (वैकल्पिक उर्जा समेत):

- ❖ नगरपालिकामा विद्युतको आपुर्तीलाई सहज गराउन आँखेखोला जलविधुत आयोजनालाई बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र, कर्णाली प्रदेश सरकार र नगरपालिकाको संयुक्त लगानीमा अघी बढाइनेछ । त्यस्तै घट्टेखोला, रोलागाड र जैरिगाड लधुजलविधुत आयोजनाको मर्मत तथा क्षमता विकास गरी उज्यालो नगरपालिका बनाउने कार्य निरन्तर अगाडि बढाइने छ ।
- ❖ डोल्या साना जलविधुत आयोजना, जैरिगाड को नियमित विधुत प्रसारणको लागि सम्बन्धित निकायमा पहल गरिने छ ।
- ❖ विधुतको भरपर्दो व्यवस्था नभएकाले नगर कार्यपालिका कार्यालय र क्रमशः सबै वडा कार्यालयमा सौर्य उर्जाको व्यवस्था गरी अनलाइन सेवा सुचारु गरिनेछ ।
- ❖ प्रदेश सरकार र नगरपालिकाको संयुक्त लगानीमा वडा नं ७ को दलित बस्ती र सो वरपरको क्षेत्रमा सौर्य उर्जा जडान गरिनेछ ।

## संचार सम्वन्धी नीतिः

- नगरपालिका भित्र संचार क्षेत्रसँग जोड्न तथा आम ठुलीभेरी नगरवासीले सूचना संचारको भरपुर उपयोग गर्न आवश्यक निकायहरुसंग विशेष पहल गरी पहुँच वृद्धि गरिनेछ ।
- नगरपालिकाको गतिविधिलाई नागरिकमाझ पुर्याउन स्थानीय FM रेडियो मार्फत पाक्षिक कार्यक्रम सञ्चालन गर्ने सोच सहित अघि बढिनेछ ।

- आगामी आर्थिक बर्षभित्र ठूलीभेरी नगरपालिकाको सबै क्षेत्रभित्र 4G सेवा उपलब्ध गराउन सम्वन्धित निकायमा पहल गरिनेछ । नगरपालिकाको कार्यालय , सबै वडा कार्यालय स्वास्थ्य संस्था विधालय आदिमा इन्टरनेट सेवाको पहुँच पुर्याउन पहल आवश्यक पहल गरिनेछ ।

## • वन वातावरण तथा विपद व्यवस्थापनः

### वन तथा भू-संरक्षणः

- ❖ सडक किनारामा भूक्षय प्रतिरोधी विरुवाहरु रोपी त्यसको संरक्षण र उपयोग गर्न सम्बन्धित समुदायलाई परिचालन गरिनेछ ।
- ❖ पहिरो तथा भूक्षयग्रस्त क्षेत्रहरुमा विरुवा रोप ण गरी, त्यसको संरक्षण र उपयोग कार्यमा गरिव तथा भूमिहिन किसानहरुलाई जिम्मा दिइनेछ।
- ❖ वन तथा वातावरण संरक्षण लाई कडाई गर्न वन वातावरण संरक्षण सम्बन्धि कानुनी व्यवस्था गरी लागु गरिने छ।

### जलाधार संरक्षणः

### वातावरण संरक्षण र जलवायु परिवर्तनः

नगरपालिकाभित्र जलवायु परिवर्तनले पारेको प्रभाव तथा असर बारे मध्यनजर गर्दै जलवायु परिवर्तनलाई न्युनिकरण गर्न पहल गरिनेछ । यसनगरपालिकामा विगतमा सन्चालन भएको जलवायु परिवर्तन कार्यक्रमको निरन्तरताको लागि पहल गरिने छ।

### फोहोरमैला तथा ढल व्यवस्थापनः

नगरपालिकाको वडा नं. ३ दुनै बजार र ७ जुफाल बजार क्षेत्रको फोहोरमैला तथा बजार व्यवस्थापन गरी नगरपालिकालाइ स्वच्छ, हराभरा, सुन्दर राख्न फोहोरमैला व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ । नगरका अन्य वडाहरुमा फोहरमैला व्यवस्थापनलाई विस्तार गर्दै लगिनेछ ।

### जल उत्पन्न प्रकोप नियन्त्रण

बाढी पहिरोबाट पुग्न जाने क्षतिलाई न्यूनिकरण गर्न तटबन्धको लागि सम्वन्धित निकायमा पहल गरिनेछ।

पहिरो संभावित क्षेत्रमा बृक्षारोपण र नागरिकहरुलाई सचेतिकरणको कार्य गर्न पहल गरिनेछ।

### विपद व्यवस्थापनः

नगरपालिकाभित्र हुन सक्ने विपद् व्यवस्थापन गर्न एक आकस्मिक कोषको व्यवस्था गरिनेछ ।

विपद व्यवस्थापनको लागि आवश्यक सामाग्री पूर्व तयारिमा राख्ने र विपदका बेला उद्धार तथा राहतको पूर्व तयारिका लागि रेडक्रस,नेपाली सेना र नेपाल प्रहरीसँग समन्वय गरिनेछ।

## • संस्थागत विकास सेवा प्रवाह र सुशासनः

### सामान्य सेवाः

नगर प्रहरी भर्ना गरिनेछ । नगर प्रहरी मार्फत नगरले गरेका नियमनका निर्णयहरुलाई कार्यान्वयन गरी नगरमा सुशासनको वातावरण सृजना गरिनेछ ।

नगर प्रहरी मार्फत नगरको सुरक्षा कार्यालयहरुको सुरक्षा कर्मचारी पदाधिकारीहरुको सुरक्षा र नगरको सम्पत्तिको सुरक्षा गरिनेछ

### सामाजिक सुरक्षा व्यवस्थापनः

### सूचना प्रविधि नीति

- ♦नगरपालिका र वडाहरूलाई डिजिटल प्रविधिमा रूपान्तरण गर्दै लगिनेछ। जनप्रतिनिधिहरू तथा कर्मचारीहरूलाई अभिमुखीकरण गराइनेछ।
- ♦नगरपालिका तथा वडाहरूबीच समन्वय र सहजीकरण गर्नको लागि नगरको पोर्टल बनाइनेछ।
- ♦नगरपालिकाका वेबसाइटलाई व्यवस्थित र अद्यावधि बनाउँदै लगिनेछ।

◆कार्यालयका प्रशासनिक कार्यहरूमा क्रमश सफ्टवेयरहरू प्रयोग गर्दै लगिनेछ ।

◆नगरबाट प्रकाशित हुने विभिन्न सुचना प्रसारण तथा प्रचार सामाग्रीको पारदर्शिता र एकरुपतामा विशेष ध्यान राखि सुचना प्रविधिशाखाद्धारा गराइने छ ।

◆नगरपालिकाले सम्पादन गरेका असल कार्यहरुको सामाजिक सञ्जालको भरपूर प्रयोग गरी नगरबासीलाई जानकारी दिइनेछ ।

◆कार्यालय सुरक्षा, कार्यालय पारदर्शिता र व्यवस्थापनका लागी सि सि टिभि क्यामेरा, बायोमेट्रीक हाजिरी खरिद गरी लागु गरिनेछ ।

◆ सामुदायिक विधालयहरुमा बायोमेट्रीक हाजिरी राख्दै लगिनेछ शसर्त कार्यक्रममार्फत ICT ल्याव स्थापनागर्दै लगिनेछ र सोको सञ्चालनमा सहजिकरण गरिनेछ । जसले गर्दा शिक्षक कर्मचारीहरु नियमित रुपमा हाजिरी हुने र पठनपाठन सुव्यवस्थितबन्दै जानेछ ।

## पञ्जिकरण र सामाजिक सुरक्षा व्यवस्थापन

घटनादर्ता अभियान सञ्चालन गरी सबै नागरिकलाई घटना दर्ताप्रति सूसूचित गरिनेछ ।

महिला वालबालिका बृद्ध असहाय एवं सबै खाले जाति बर्गका नागरिकलाई समाजमा उच्च शीर गरेर बाँच्न पाउने वातावरण सृजना गरिनेछ ।

सामाजिक सुरक्षा भत्ता वितरणको कार्यलाई प्रभावकारी वनाइनेछ । बैकसँग समन्वय गरी वडा वडामा भत्ता वितरण गर्ने प्रयास गरिनेछ ।

सामाजिक रुपमा बञ्चितिकरणमा परेका वा पारिएका नागरिकहरुको संरक्षण गरिनेछ ।

## स्थानीय तथ्यांक संकलन र अभिलेख व्यवस्थापनः

- राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन आइसकेको अवस्थामा नगरको प्रोफाइललाई अद्यावधिक गरिनेछ ।सबै वडाहरुको तथ्यांकलाई अद्यावधिक र व्यवस्थित गराइनेछ ।

- नगरसभाका निर्णयहरुलाई छपाइ गरी अभिलेख राखिनेछ ।नगर सभा र नगर कार्यपालिकाबाट पारित भएका सबै कानूनहरुलाई राजपत्रमा छपाइ गरिनेछ । सोको दिगो र स्थायी सुरक्षाको प्रवन्ध मिलाइनेछ
- नगर सभा र नगर कार्यपालिकाका निर्णयहरु वेवसाइट मार्फत सार्वजनिक गरिनेछ ।
- नगरबाट प्रकाशित हुने सबै प्रकारका सूचनाहरु वेवसाइट मार्फत सार्वजनिक गरिनेछ ।

## सुशासन प्रवर्द्धनः

- नगर कार्यपालिका कार्यालय र प्रत्येक वडा कार्यालयमा नागरिक वडापत्रको व्यवस्था गरिनेछ ।
- नगरपालिकाबाट प्रवाह हुने सेवामा विद्युतीय सूचना प्रविधिको अत्याधिक प्रयोग गर्दै सेवा प्रवाहलाई सरल, छिटो र छरितो बनाइनेछ ।
- भ्रष्टाचारमा शुन्य सहनशीलताको नीति लिइनेछ ।
- हरेक चौमासिकमा सार्वजनिक सुनुवाईको व्यवस्था गरी नागरिकहरुका सुझाब तथा गुनासोहरु ग्रहण गर्दै तदअनुकूल सुधार गर्दै लगिनेछ ।

## अनुसन्धान तथा विकास

- नगरको सबै सडक सञ्जाल समेट्ने गरी MTMP नगर यातायात गुरुयोजना निर्माण गरिनेछ
- नगरको समग्र विकासको क्षेत्रलाई समेट्ने गरी गुरुयोजना निर्माण गरिनेछ ।
- राजश्व संभाव्यताको अध्ययन गरी नगर क्षेत्रमा प्राप्त हुनसक्ने सबै प्रकारका राजश्वलाई दायरा भित्र ल्याउने प्रयास गरिनेछ ।
- नगरमा कार्यरत कर्मचारीहरुको बिषय अनुसार तालीम र क्षमता विकास अध्ययन भ्रमणका साथै खोज तथा अनुसन्धानमूलक कार्यमा क्रियाशील गराइनेछ ।

**संस्थागत पूर्वाधारः**

❖ यस नगरपालिकाभित्र हालै निर्माण भएका वडा कार्यालयका भवनहरुलाई प्रयोगमा ल्याउनका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार तथा संरचनामा सुधार गरी जनशक्तिको व्यवस्थापन गरी सार्वजनिक सेवा प्रवाहलाई सरल सहज र प्रभावकारी बनाइने छ ।

❖ वडा कार्यालयहरूमा आवश्यक भौतिक पूर्वाधार, मानव संशाधन, फर्निचर, सवारी साधनहरु,मेशिनरी औजारहरुको व्यवस्था गरी नागरिकहरुलाई सजिलै, घरदैलोमै सेवा प्रवाह गर्ने अवसर सिर्जना गरिनेछ ।

❖ नगरभित्र रहेका सबै वडाहरुको सिमांकन समस्या समाधानका लागि नगरसभाबाट निर्णय गरी सिमांकनलाई प्रष्ट पार्न पहल गरिनेछ ।

❖ आगामी आर्थिक बर्षबाट जनतासँग मेयर कार्यक्रम सञ्चालन गरी नागरिकका आवश्यकताहरु सम्वोधन गर्ने प्रयास गरिनेछ ।

- **वित्तीय व्यवस्थापनः**

  ❖ **राजस्व परिचालनः**

- आम जनतालाई कर तथा राजश्वको महत्वका बारेमा जनचेतना बिस्तार गरिनेछ ।
- यस नगरपालिकाको आन्तरिक राजश्व बृद्धि गर्नका लागि आवश्यक जनशक्तिको व्यवस्था गरी राजश्व संकलनमा जोड दिइनेछ ।
- कर संकलनमा मोबाइल एपको व्यवस्था गरी मोबाइलबाटै नगरको कर तिर्न सक्ने व्यवस्था गरिनेछ ।
- कर अभियान सञ्चालन गरिनेछ । जडिबुटी संकलन कर , बिक्री कर , सम्पत्ति कर , नक्सापास र बहालबिटौरी शुल्क आदिका माध्यमबाट नगरको आन्तरिक स्रोतलाई दरिलो बनाइने छ ।
- वडाले संकलन गरेको राजश्वको २० प्रतिशत सम्वन्धितवडालाई सञ्चालन खर्चबापत उपलब्ध गराइनेछ।
- कर प्रशासनमा संलग्न कर्मचारीको मनोबल थप उच्च बनाउने प्रयास गरिनेछ ।

  - **बेरुजु फर्छ्यौटः**

कानूनी र विधिसम्मत व्यवस्थाको कडाइका साथ पालना गरिनेछ ।

बेरुजुलाई शुन्यमा झार्ने गतिका साथ अघि बढाइनेछ ।

यस नगरपालिकाको गत विगत बर्षहरुको सबैखाले बेरुजु रकम फछ्र्यौटको कार्य आरम्भ गरी सम्परीक्षण गर्ने गराउने नीति लिइनेछ ।

## नगरसभा सदस्यज्यूहरु

आगामी आर्थिक बर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रमको प्रभाबकारी कार्यान्वयन गर्न सिंगो नगरसभाका सबै स दस्यज्यूहरु तथा नगरमा कार्यरत सबै राष्ट्रसेवक कर्मचारीहरु र आम नगरबासी तथा सबै पेशा, व्यवसायमा आबद्ध महानुभाबहरुको सहयोग, समन्वय र सहकार्य रहने कुरामा विश्वस्त रहेको छु | आजसम्मको सहयोगको लागि सबै महानुभावहरुप्रति आभार व्यक्त गर्दछु ।

धन्यवाद !